# योगदानकर्ता सापटी निर्देशिका, २०७९
## (दोस्रो संशोधन, २०८२ सहित)

मन्त्रालयबाट स्वीकृत मितिः२०७९/०३/२०

♥पहिलो संशोधन स्वीकृत मितिः २०८१/०८/०२

♠दोस्रो संशोधन स्वीकृत मितिः २०८३/०१/०४

प्रस्तावना: योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा ३२ को उपदफा (१) को खण्ड (ट) तथा नेपाल सरकारले स्वीकृत गरेको सामाजिक सुरक्षा कोष लगानी कार्यविधि, २०७७ को व्यवस्था बमोजिम योगदानकर्तालाई सापटी दिने सम्बन्धी व्यवस्थालाई स्पष्ट, व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक भएकोले,

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा ७० को उपदफा (२) बमोजिम सामाजिक सुरक्षा कोषले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "योगदानकर्ता सापटी (दोस्रो संशोधन) निर्देशिका, २०८२" रहेको छ ।

(२) यो निर्देशिका मन्त्रालयले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "आधारभूत पारिश्रमिक" भन्नाले योगदानकर्ताको सामाजिक सुरक्षा कोषमा रकम कट्टी गर्दा कायम गरिएको सम्बन्धित पद वा तहको मासिक आधारभूत तलबमान सम्झनुपर्छ ।

(ख) "एकाघरको सदस्य" भन्नाले योगदानकर्ताको सगोलको बाबु, आमा, पति, पत्नी, छोरा, अविवाहिता छोरी सम्झनुपर्छ र सो शब्दले विवाहिता महिलाको हकमा सगोलको सासु ससुरालाई समेत जनाउँछ ।

(ग) "ऐन" भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ सम्झनुपर्छ ।

(घ) "निवेदक" भन्नाले यस निर्देशिका बमोजिम योगदानकर्ता सापटीका लागि कोषमा आवेदन गर्ने योगदानकर्ता सम्झनुपर्छ ।

(ङ) "मूल्याङ्कनकर्ता" भन्नाले धितो मूल्याङ्कन गर्ने प्रयोजनका लागि कोषको कार्यालयमा सूचिकृत व्यक्ति, फर्म वा कम्पनी सम्झनुपर्छ र सो शब्दले कोषको कार्यकारी निर्देशकले तोकेको कोषको कर्मचारीलाई समेत जनाउँछ ।

(च) "योगदानकर्ता" भन्नाले कोषमा नियमित योगदान रकम जम्मा गर्ने श्रमिक वा कर्मचारी सम्झनुपर्छ ।

(छ) "लगानी कार्यविधि" भन्नाले सामाजिक सुरक्षा कोषको लगानी कार्यविधि, २०७७ सम्झनु पर्छ।

(ज) "योगदानकर्ता सापटी" भन्नाले लगानी कार्यविधि बमोजिम योगदानकर्तालाई प्रदान गरिने योगदानकर्ता घर सापटी, शैक्षिक सापटी, सामाजिक कार्य सापटी र विशेष सापटी सम्झनुपर्छ ।

## परिच्छेद-२

## योगदानकर्ता घर सापटी

३. **योगदानकर्ता घर सापटी प्रदान गर्न सकिने**: (१) लगानी कार्यविधिको दफा ९ बमोजिम कोषले योगदानकर्तालाई देहायको प्रयोजनको लागि घर सापटी प्रदान गर्न सक्नेछः-

(क) नयाँ घर निर्माण,

(ख) आफ्नो स्वामित्वमा रहेको घरमा तला थप्न तथा मर्मत गर्न,

(ग) संयुक्त आवासमा युनिट खरिद गर्न,

(घ) घर खरिद गर्न र

♠(ङ) घडेरी खरिद गर्न ।

♦(२) ..............................

४. **<u>घर सापटीको अधिकतम सीमाः</u>** (१) घर सापटी स्वीकृत गर्दा धितो मूल्याङ्कनबाट कायम भएको रकममा नबढ्ने गरी देहायको रकम मध्ये जुन कम हुन्छ सो रकमसम्म प्रदान गर्ने गरी स्वीकृत गरिनेछः-

♠(क) एक करोड पचास लाख रुपैयाँ,

(ख) योगदानकर्ताको पन्ध्र वर्षको तलब,

(ग) योगदानकर्ता साठी वर्ष उमेर पुग्न बाँकी कार्य अवधिको तलब।

♠तर ऋण भुक्तानीको मासिक किस्ता योगदानकर्ताको तलब, दम्पतीको तलब र अन्य करकट्टी भएका आम्दानीको साठी प्रतिशत भन्दा बढी नहुने गरि कायम गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै योगदानकर्ताले सापटी स्वीकृत भएको दुई वर्ष भित्रमा स्वीकृत भएको सम्पूर्ण रकम उपयोग नगरेमा सो अवधिसम्म लिएको सापटीलाई निजको हकमा घर सापटीको अधिकतम सीमा कायम गरिनेछ ।

(३) पति र पत्नी दुवैजना योगदानकर्ता भएमा एउटै धितोबाट दुईजनाको नाममा सापटी हिसाब गर्दा सापटीको अधिकतम सीमा दुवैजनाको तलबमानको आधारमा अलग अलग कायम गरी सापटी प्रदान गर्न सकिनेछ ।

तर यसरी अलगअलग सापटी प्रदान गर्दा धितो मूल्याङ्कनबाट कायम भएको रकमभन्दा बढी प्रदान गरिने छैन ।

---

♠ दोश्रो संशोधनबाट संशोधित

♦ दोश्रो संशोधनबाट झिकिएको

५. **घर सापटी भुक्तानीः** (१) घर निर्माण गर्ने प्रयोजनका लागि घर सापटी प्रदान गर्दा कम्तीमा दुई किस्ता र अधिकतम चार किस्ता कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम पहिलो किस्ता भुक्तानी गर्दा स्वीकृत सापटीको बढीमा पच्चीस प्रतिशत र बाँकी किस्ता भुक्तानी गर्दा मूल्याङ्कनकर्ताले सिफारिस गरेको प्रगति विवरणको आधारमा कायम गरिनेछ ।

तर घर खरिद गर्दा स्वीकृत रकम एकमुष्ट प्रदान गरिनेछ ।

६. **घर सापटी प्रदान नगरिनेः** (१) दफा ३ को उपदफा (२) बमोजिमको शर्त वा अवस्था पूरा नभएका वा शैक्षिक सापटी लिई सो सापटीको ब्याज नियमित रुपमा चुक्ता नगर्ने योगदानकर्तालाई घर सापटी प्रदान गरिने छैन ।

(२) घर मर्मत सापटी लिएका योगदानकर्ताले सो सापटी चुक्ता गरिसकेपछि मात्र निजलाई थप घर सापटी प्रदान गर्न सकिनेछ ।

७. ♠**घर सापटी चुक्ता गर्नु पर्ने अवधिः** (१) योगदानकर्ताले अनिवार्य अवकाश हुने अवधि ननाघ्ने गरी घर सापटीको पहिलो किस्ता लिएको बढीमा २० वर्ष भित्र सापटी चुक्ता गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सापटी चुक्ता गर्न कोषले सापटीको साँवा तथा ब्याज सहितको मासिक किस्ता कायम गरि दिनेछ ।

८. **पुनः घर सापटी प्रदान गर्न सकिने:** (१) योगदानकर्ताले लिएको घर सापटी चुक्ता गरेमा पुनः घर सापटी दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम पुनः सापटी प्रदान गर्दा यस निर्देशिका बमोजिमको सबै प्रक्रिया पूरा गर्नुपर्नेछ ।

---

♠ दोश्रो संशोधनबाट संशोधित

तर साविकमा लिएको घर सापटीको धितो फुकुवा भैसकेको रहेनछ भने सोही धितोको दृष्टिबन्धक रजिस्ट्रेशन कायम गरी सोको मूल्याङ्कनले खामेसम्मको रकम गरी पुनः घर सापटी प्रदान गर्न सकिनेछ ।

## परिच्छेद-३

## योगदानकर्ता शैक्षिक सापटी

९. ♠**योगदानकर्ता शैक्षिक सापटी प्रदान गर्न सकिने:** कोषमा कम्तीमा १८ महिना योगदान रकम जम्मा गरेका योगदानकर्ता वा निजका पति, पत्नी, छोरा वा छोरीलाई स्वदेश वा विदेशका शैक्षिक संस्थामा उच्च शिक्षा अध्ययन प्रयोजनका लागि शैक्षिक सापटी प्रदान गर्न सकिनेछ ।

१०. **शैक्षिक सापटीको अधिकतम सीमाः** (१) शैक्षिक सापटी स्वीकृत गर्दा धितो मूल्याङ्कनबाट कायम भएको रकममा नबढ्ने गरी देहायको रकम मध्ये जुन कम हुन्छ सो रकमसम्म प्रदान गर्ने गरी स्वीकृत गरिनेछः-

(क) पैंतीस लाख रुपैयाँ,

(ख) सम्बन्धित शिक्षण संस्थामा लाग्ने वास्तविक खर्च ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम अध्ययनको लागि शिक्षण संस्थामा लाग्ने वास्तविक खर्च गणना गर्दा देहायको खर्चलाई समावेश गरिनेछः-

(क) भर्ना शुल्क,

(ख) मासिक शुल्क,

(ग) परीक्षा शुल्क,

(घ) सम्बन्धित शिक्षण संस्थाको होस्टेल खर्च वा आवास खर्च

(ङ) सम्बन्धित शिक्षण संस्थाले तोकेको अन्य शुल्क,

(च) सम्बन्धित शिक्षण संस्थाले सिफारिस गरे बमोजिमको शैक्षिक सामग्री खर्च,

(छ) ट्राभल तथा बीमा खर्च ।

(३) यस परिच्छेद बमोजिम शैक्षिक सापटी प्रदान गर्दा योगदानकर्ता आफू, निजको पति वा पत्नी, छोरा, छोरी मध्ये बढीमा दुई जनासम्मलाई धितो मूल्याङ्कनले खाम्ने र उपदफा (१) बमोजिमको अधिकतम सीमामा ननाघ्ने गरी एउटै धितोमा एकै पटक वा फरक फरक समयमा प्रदान गर्न सकिनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै योगदानकर्ताले सापटी स्वीकृत भएको दुईवर्ष भित्रमा स्वीकृत भएको सम्पूर्ण रकम उपयोग नगरेमा सव अवधिसम्म लिएको सापटीलाई निजको हकमा शैक्षिक सापटीको अधिकतम सीमा कायम गरिनेछ।

११. **<u>शैक्षिक सापटी भुक्तानीः</u>** (१) शैक्षिक सापटी प्रदान गर्दा योगदानकर्ताको माग बमोजिम एकमुष्ठ वा बढीमा चार किस्तामा भुक्तानी गर्न सकिनेछ ।

(२) योगदानकर्ताले लिएको शैक्षिक सापटी चुक्ता गरेमा पुनः शैक्षिक सापटी प्रदान गर्न सकिनेछ । यसरी पुनः सापटी प्रदान गर्दा यस निर्देशिका बमोजिमका सबै प्रक्रिया पूरा गर्नुपर्नेछ ।

१२. ♠**<u>शैक्षिक सापटी चुक्ता गर्नु पर्ने अवधिः</u>** (१) योगदानकर्ताले अनिवार्य अवकाश हुने अवधि ननाघ्ने गरी शैक्षिक सापटीको पहिलो किस्ता लिएको बढीमा १५ वर्ष भित्र सापटी चुक्ता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सापटी चुक्ता गर्न कोषले सापटीको साँवा तथा ब्याज सहितको मासिक किस्ता कायम गरि दिनेछ ।"

---

♠ दोश्रो संशोधनबाट संशोधित

१३. **<u>शैक्षिक सापटी प्रदान नगरिने:</u>** दफा ९ बमोजिमको शर्त वा अवस्था पूरा नभएका वा घर सापटी लिई सो सापटीको ब्याज नियमित रुपमा चुक्ता नगरेका योगदानकर्तालाई शैक्षिक सापटी प्रदान गरिने छैन ।

## परिच्छेद-४

## <u>सामाजिक कार्य सापटी</u>

१४. **<u>सामाजिक कार्य सापटी प्रदान गर्न सकिने:</u>** (१) योगदानकर्ता आफू वा एकाघर / सगोलको परिवारको सदस्यको सामाजिक कार्यका लागि अन्य कोषबाट लिएको सामाजिक कार्य सापटी स्वाप गरी कोषबाट सामाजिक कार्य सापटी प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सामाजिक कार्य सापटी स्वाप गर्दा त्यसरी सापटी लिँदा राखेको धितोलाई नै कायम गर्न सकिनेछ ।

## परिच्छेद-५

## <u>योगदानकर्ता विशेष सापटी</u>

१५. ♠**<u>योगदानकर्ता विशेष सापटी प्रदान गर्न सकिने:</u>** (१) कोषमा विशेष सापटीका लागि कम्तिमा १२ महिना योगदान गरेका योगदानकर्तालाई निजको अवकाश कोष योजनामा जम्मा भएको रकमको अधिकतम असी प्रतिशत सम्म रकम प्रदान गर्न सकिनेछ ।

♠(२) विशेष सापटी लिएका योगदानकर्ताले चाहेमा थप रकमको आधारमा जुनसुकै समय पुन: विशेष सापटी प्रदान गर्न सकिनेछ ।

---

♠ दोश्रो संशोधनबाट संशोधित

१६. **<u>विशेष सापटी चुक्ताः</u>** दफा १५ बमोजिम लिएको विशेष सापटी योगदानकर्ताले मासिक तलबबाट कट्टी गरी वा कोषले तोकेको बैङ्क खातामा पटकपटक वा एकै पटक जम्मा गरी चुक्ता गर्न सक्नेछ ।

१७. **<u>अनलाईन प्रणालीको व्यवस्था गर्न सकिनेः</u>** कोषबाट प्रदान गरिने विशेष सापटी माग गर्ने तथा भुक्तानी गर्ने सम्बन्धमा कोषले अनलाइन प्रणालीको व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद-६

## <u>सापटीको प्रक्रिया</u>

१८. **<u>सापटी माग फाराम र आवश्यक कागजात</u>** : कोषबाट सापटी लिन चाहने योगदानकर्ताले अनुसूची -१ बमोजिमको सापटी माग फारामको विवरण भरी आफू कार्यरत कार्यालयको सिफारिस साथ कार्यालयको छाप लगाई कोषको कार्यालयमा पेश गर्नुपर्नेछ ।

१९. **<u>आवश्यक कागजात पेश गर्नुपर्नेः</u>** (१) दफा १८ बमोजिम पेश गरिने सापटी माग फारामका साथ देहाय बमोजिमका कागजातहरू समेत योगदानकर्ता आफैंले प्रमाणित गरी संलग्न गर्नुपर्नेछः-

(क) निवेदकको नागरिकता र कोषले प्रदान गरेको परिचय पत्रको प्रतिलिपि,

(ख) धितो राखिने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि (नयाँ नापी भएको भए स्रेस्ता अद्यावधिक भएको हुनुपर्ने),

(ग) घर जग्गा प्राप्तिको स्वामित्व सम्बन्धी लिखत (राजीनामा, अंशबण्डा, वकसपत्र, छोडपत्र, दर्ताफारी आदि) को प्रतिलिपि,

तर नामसारीको हकमा जग्गाधनी पुर्जामा नामसारी भएको व्यहोरा जनाइएको हुनुपर्ने ।

(घ) धितो राखिने जग्गाको नापी नक्साको सम्बन्धित निकायबाट प्रमाणित ब्लु प्रिन्ट र चार किल्ला खुलेको ट्रेस पेपरको सक्कल प्रति,

(ङ) धितो राखिने जग्गाको जग्गाधनी र निवेदक फरक व्यक्ति भएमा जग्गाधनीको नागरिकताको प्रतिलिपि,

(च) चालू आर्थिक वर्षको मालपोत बुझाएको रसिदको प्रतिलिपि,

(छ) धितो राखिने जग्गाको जग्गा धनी र निवेदक फरक व्यक्ति भएमा निजहरू बिचको नाता खुल्ने प्रमाण पत्रको प्रतिलिपि,

(ज) घर खरिद गर्दा खरिदकर्ता र बिक्रीकर्ताबीच हुने सम्झौता,

(झ) सम्बन्धित स्थानीय तहबाट प्रमाणित चारकिल्ला खुलेको सक्कल पत्र,

(ञ) सम्बन्धित कार्यालयबाट प्रमाणित योगदानकर्ताको अवकाश हुने मिति तथा तलबमान खुलेको सक्कल पत्र,

(ट) घर र जग्गा दुबै धितो राख्नु परेमा घर निर्माण सम्पन्न प्रमाणपत्र, तर जग्गाको मूल्याङ्कनले मात्रै सापटी रकमलाई खाम्ने भएमा जग्गाको मूल्याङ्कनबाट मात्र पनि सापटी गर्न सकिनेछ ।

(ठ) धितो राखिने घरको सम्पत्ति बिमाका कागजातहरू

(ड) कोषले आवश्यक ठानेका अन्य थप कागजातहरू ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष सापटीका लागि सापटी माग फाराम पेश गर्दा सो उपदफाको खण्ड (क) बमोजिमको कागजात मात्र पेश गरे पुग्नेछ ।

(३) शैक्षिक सापटी लिने योगदानकर्ताले उपदफा (१) मा उल्लिखित कागजातका अतिरिक्त देहाय बमोजिमका कागजातहरू समेत पेश गर्नुपर्नेछः-

(क) अध्ययन गर्ने विद्यार्थीको एस.एल.सी., एस.ई.ई. र सो भन्दा माथिको चारित्रिक प्रमाणपत्र र लब्धाङ्क पत्रको प्रतिलिपि,

(ख) विद्यार्थीको नागरिकताको प्रतिलिपि,

(ग) सम्बन्धित शिक्षण संस्थामा भर्ना भएको तथा अध्ययन अवधि र खर्चको विवरण खुलेको आधिकारिक पत्र,

(घ) निवेदक, अध्ययन गर्ने विद्यार्थी र धितो जमानी दिने बीचको नाता खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

(ङ) भिसा अनिवार्य नभएका देशहरूमा बाहेक अन्य विदेशी मुलुकमा अध्ययन गर्ने भएमा विद्यार्थीको पासपोर्ट र भिसा लागेको कागजातको प्रतिलिपि,

(च) निवेदकको पति वा पत्नी बाहेक एकाघरको अन्य सदस्यको नामको धितो लिनुपर्दा पारिवारिक मन्जुरीनामा ।

२०. **सापटी माग फाराम दर्ता गर्ने:**दफा १९ बमोजिमका कागजातसहित दफा १८ बमोजिमको सापटी माग फाराम पेश हुन आएमा कानून बमोजिम भए नभएको हेरी कोषको♦(...) सम्बन्धित अधिकृतले प्रमाणित गरेपछि दर्ता गर्नुपर्नेछ ।

२१. **सापटी विश्लेषण** : (१) विशेष सापटी बाहेक अन्य सापटीको हकमा सापटी माग फाराममा निवेदकले पेश गरेको विवरणका आधारमा अनुसूची-२ बमोजिम सापटी चुक्ता गर्न सक्ने क्षमताको विश्लेषण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सापटी विश्लेषण गरी सापटी शाखाले दफा ३१ बमोजिम धितो मूल्याङ्कन गर्ने प्रयोजनका लागि धितो मूल्याङ्कनकर्तालाई त्यस सम्बन्धी विवरण तथा कागजात उपलब्ध गराउनुपर्नेछ ।

♦ दोश्रो संशोधनबाट झिकिएको

तर विशेष सापटीको हकमा आवश्यक निर्णयका लागि सम्बन्धित महाशाखा प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

२२. **कानुनी राय सुझाव लिन सकिनेः** सापटीको लागि दफा १८ बमोजिम पेश भएको माग फाराम तथा दफा १९ बमोजिमको कागजातका विषयमा द्विविधा भएमा सम्बन्धित शाखाले अनुसूची-३ बमोजिम कानुनी राय सुझाव लिई प्रक्रिया अघि बढाउन सक्नेछ ।

२३. **सापटी प्रवाह गर्ने मापदण्डः** (१) कोषले योगदानकर्तालाई योगदानकर्ता कर्जा सापटी प्रवाह गर्दा देहायको मापदण्ड अवलम्बन गर्नुपर्नेछः-

(क) कर्जा लिने व्यक्ति प्रचलित कानून बमोजिम बैङ्क, वित्तीय संस्था वा सहकारीको कर्जा भुक्तान नगरी कालोसूचीमा परेको हुन नहुने,

तर योगदानकर्ता विशेष सापाटीको हकमा यो मापदण्ड लागू हुनेछैन।

(ख) कोषको वृद्ध अवस्था सुरक्षा योजनामा योगदान गर्ने व्यक्तिलाई त्यस्तो सापटी प्रवाह गर्दा कम्तीमा तीन वर्षसम्म लगातार योगदान गरेका योगदानकर्तालाई मात्र सापटी उपलब्ध गराउन सकिने,

तर अन्य कोषबाट कर्जा स्वीकार (स्वाप) गरेको अवस्थामा समयको हद लाग्ने छैन ।

(ग) योगदानकर्ता विशेष सापटी बाहेक अन्य कर्जाको हकमा पर्याप्त धितो वा जमानतका आधारमा सापटी प्रवाह गर्नुपर्ने,

♦(घ)................................

(ङ) सापटीका लागि पेश भएको निवेदन साथ कर्जा चुक्ता गर्न सकिने पर्याप्त आधार पेश भएको हुनुपर्ने,

♦ दोश्रो संशोधनबाट झिकिएको

(च) सापटीका लागि पेश हुने निवेदनका साथ रोजगारदाताले त्यस्तो कर्जाको साँवा र ब्याज भुक्तानीका लागि योगदानकर्ताको पारिश्रमिकबाट नियमित रुपमा रकम कट्टा गरी कोषमा रकम पठाउने लिखित प्रतिबद्धता गरेको पत्र समावेश भएको हुनुपर्ने,

(छ) योगदानकर्ता विशेष सापटीको हकमा समितिले तोके अनुसारको आधारमा उपलब्ध गराउन सक्नेछ ।

(२) कोषको हित तथा योगदानकर्ताको सुविधालाई दृष्टिगत गर्दै कोषले योगदानकर्ताका लागि सापटीका क्षेत्रहरू पहिचान गरी सापटी कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ ।

२४. **सापटीको सीमा:** ♥(१) योगदानकर्तालाई कोषबाट प्रदान गरिने सापटीको न्यूनतम सीमा दश हजार रुपैयाँ हुनेछ ।

(२) योगदानकर्तालाई यस निर्देशिका बमोजिम घर सापटी, शैक्षिक सापटी र सामाजिक कार्य सापटी प्रदान गर्दा तीनवटै सापटी रकमबापत एक करोड रुपैयाँमा नबढ्ने गरी देहायको बमोजिम कायम हुने रकममध्ये जुन कम हुन्छ सो रकमसम्म प्रदान गर्न सकिनेछः-

(क) योगदानकर्ताको पन्ध्र वर्षको पारिश्रमिक,

(ख) साठी वर्ष उमेर पुग्न वा अनिवार्य अवकाश हुन बाँकी कार्य अवधिसम्म हुने पारिश्रमिक ।

(३) उपदफा (२) बमोजिमको सीमाभित्र रही अन्तिम भुक्तानी अवधि भित्र जति पटक पनि सापटी लिन दिन सकिनेछ ।

---

♥ पहिलो संशोधनबाट संशोधित

(४) योगदानकर्तालाई सापटी प्रदान गर्दा कुल सापटी रकम लगानी कार्यविधिको अनुसूचीमा निर्धारण गरिएको लगानी गर्न पाउने अधिकतम सीमाभन्दा बढी नहुने गरी लगानी गर्नुपर्दछ ।

२५. **<u>सापटीको ब्याजदर</u>** : (१) सापटीको ब्याजदर कोषको सञ्चालक समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको ब्याजदर कोषको सञ्चालक समितिले समयसमयमा पुनरावलोकन गर्न सक्नेछ ।

(३) वार्षिक रुपमा पाकेको ब्याज प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र पनि चुक्ता नगरेमा त्यस्तो ब्याज रकम सापटीको साँवामा समावेश गरी पूँजीकृत गरिनेछ।

२६. **<u>सहुलियत अवधि</u>** : (१) योगदानकर्ताले सामाजिक कार्य सापटी र घर सापटी लिँदा एक वर्ष सहुलियत अवधि पाउनेछ ।

♠(२) योगदानकर्ता शैक्षिक सापटी प्रदान गर्दा स्नातक तहको अध्ययनका लागि बढीमा ४ वर्ष, स्नातकोत्तर तहको अध्ययनका लागि बढीमा २ वर्ष र पिएचडी अध्ययनका लागि बढीमा ३ वर्षको सहुलियत अवधि दिन सकिनेछ ।

♠(३) उपदफा (१) वा (२) बमोजिमको सहुलियत अवधिमा सापटी लिएको रकमको ब्याज नबुझाएमा ब्याज रकमलाई सावाँमा थप गरी बाँकी अवधिको किस्ता कायम गरिनेछ।

## परिच्छेद-७

## <u>धितो र सोको मूल्याङ्कन</u>

२७. **<u>धितो लिन सकिने सम्पत्तिः</u>** (१) यस निर्देशिका बमोजिम विशेष सापटी बाहेक अन्य सापटी प्रवाह गर्दा देहाय बमोजिमको कुनै वा सबै अचल सम्पत्ति योगदानकर्तालाई प्रदान गरिने सापटी रकमको सुरक्षणका लागि कोषले धितोको रुपमा लिन सक्नेछः-

♠ दोश्रो संशोधनबाट संशोधित

(क) योगदानकर्ताको नाममा रहेको घर वा जग्गा,

(ख) घर सापटीको हकमा योगदानकर्ताले निर्माण वा खरिद गर्ने घर जग्गा,

(ग) योगदानकर्ताको नाममा रहेको घर जग्गाले सापटी लिने रकमका लागि धितो नपुग हुने, त्यस्तो घर जग्गा धितोमा लिन नसकिने भएमा वा योगदानकर्ताको नाममा धितो दिने घर जग्गा नभएमा योगदानकर्ताको एकाघरका सदस्यको नाममा रहेको घर जग्गा ।

♠(२) उपदफा (१) बमोजिम धितोमा लिइने सम्पत्ति सम्बन्धित धनीको नाममा प्राप्त भई कोषको नाममा दृष्टिबन्धक वा रोक्का भएको हुनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम धितोमा लिइने सम्पत्तिका सम्बन्धमा कुनै किसिमको विवाद तथा प्रचलित कानूनबमोजिम कँही कतैबाट रोक्का भएको हुनुहुँदैन ।

(४) उपदफा (१) को खण्ड (ख) बमोजिम धितो वापत राखिने घर जग्गा सम्बन्धित योगदानकर्ता वा निजको पति वा पत्नी वा दुवै जनाको संयुक्त नाममा कायम रहेको हुनुपर्नेछ ।

(५) उपदफा (१) को खण्ड (ग) बमोजिम योगदानकर्ताको एकाघरको सदस्यको नाममा रहेको घर जग्गा धितो लिँदा सम्बन्धित धनीको मञ्जुरीनामा संलग्न हुनुपर्नेछ।

(६) उपदफा (१) बमोजिम घरसमेत धितो दिने भएमा त्यस्तो घर निर्माण इजाजत पत्र, स्वीकृत घरको नक्साको प्रतिलिपि समेत दफा १८ बमोजिम दिइने सापटी माग फारमसाथ पेश गर्नुपर्नेछ ।

२८. **धितो अस्वीकार्य हुने अवस्था :** (१) देहायका सम्पत्तिलाई धितोको रूपमा स्वीकार गरिने छैनः-

---

♠ दोश्रो संशोधनबाट संशोधित

(क) गुठीमा दर्ता कायम भएको र रैतानी भइनसकेको,

तर त्यस्तो जग्गा रैतानी भइसकेको भएमा धितोको रूपमा लिन सकिनेछ ।

(ख) मोही लागेको,

(ग) कोषको व्यवस्थापनले निर्धारण गरेको भौगोलिक क्षेत्रभन्दा बाहिरको,

(घ) विद्युतको हाइटेन्सन लाइन नजिक भएको जग्गाको हकमा स्थानीय तह, नगर विकास समिति तथा नेपाल विद्युत प्राधिकरणले निर्धारण गरेको मापदण्ड अनुसार नभएको,

(ङ) खोला किनारमा भएको घरजग्गाको हकमा नगर विकास समिति तथा स्थानीय तह वा सरकारी निकायले समय समयमा निर्धारण गरेको मापदण्ड अनुरुप नभएको,

(च) घरको स्थायी नक्सा पास भएको बीस वर्ष भन्दा बढी भएको,

(छ) घरसापटी माग गर्ने फाराम दर्ता गर्ने समयमा डि.पि.सी. लेभलसम्म निर्माण नभएका र घर खरिदको हकमा कोषमा सापटी फाराम पेश गर्नु अगाडि नै घर खरिद भइसकेको,

(ज) अदालत वा अन्य कुनै निकायमा मुद्दा मामिला परेको,

(झ) घरको हकमा सम्बन्धित निकायबाट नक्सा पास नभएको वा शर्तसहित नक्सा पास भएको,

(ञ) धितोमा लिइने सम्पत्ति सम्बन्धित धनीको नाममा प्राप्त भएपछि प्रचलित कानूनबमोजिम हकदाबी गर्न पाउने अवधि ननाघेको ।

(२) महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिका क्षेत्रभित्र साढे दुई आना वा पाँच धुर र गाउँपालिकाको हकमा चार आना वा साढे सात धुर भन्दा कम जग्गा धितो लिई सापटी प्रदान गरिने छैन ।

२९. **घर जग्गासम्म पुग्ने बाटोको मापदण्ड** : धितो लिन सकिने घर जग्गा सम्म पुग्ने बाटोको मापदण्ड देहाय अनुसार हुनुपर्नेछः-

(क) नयाँ निर्माणाधीन घर धितो रहने सम्पत्तिको हकमा मापदण्ड अनुरूप बाटो कायम गरी सम्बन्धित स्थानीय तहबाट नक्सा स्वीकृत भएको हुनुपर्ने,

(ख) संवत् २०७२ साल असोज १ गतेभन्दा अगाडि नक्सा पास भएका वा निर्माण सम्पन्न भएका घर धितो रहने सम्पत्तिको हकमा मापदण्ड अनुरूप बाटो कायम गर्दा घरजग्गालाई असर नपर्ने भनी सम्बन्धित निकायबाट सिफारिस भएको हुनुपर्ने,

(ग) ♦.................................. ।

३०. **कोषको अधिकार** : योगदानकर्ताले धितोका लागि प्रस्ताव गरेको सम्पत्तिलाई धितोको रूपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस निर्देशिकाको अधीनमा रही कोषमा सुरक्षित हुनेछ ।

३१. **धितो मूल्याङ्कन** : (१) दफा २१ को उपदफा (२) बमोजिम धितोको मूल्याङ्कनका लागि प्राप्त विवरण तथा कागजातको आधारमा मूल्याङ्कनकर्ताले धितो मूल्याङ्कन गर्दा देहायबमोजिम मूल्याङ्कन गरी धितोको मूल्य कायम गर्नुपर्नेछः-

(क)घरजग्गाको मूल्याङ्कनका लागि कोषले समयसमयमा तोकेको मापदण्डको सीमाभित्र रहेको घरजग्गा हुनुपर्ने,

(ख)धितोमा दिइने जग्गा रहेको क्षेत्रको जिल्ला मालपोत कार्यालयको चालु आर्थिक वर्षमा रजिष्ट्रेशन शुल्कका लागि तोकिएको जग्गाको मूल्यको चालिस प्रतिशत र धितो रहेको क्षेत्रको प्रचलित बजार

♦ दोश्रो संशोधनबाट झिकिएको

मूल्यको साठी प्रतिशतलाई कुल योग मानी जग्गाको मूल्य कायम गरिने,

तर सरकारी मूल्यको चार गुणा भन्दा बढी मूल्य कायम गर्नुपर्दा मूल्याङ्कनकर्ताले सोको पुष्टयाइँ पेश गर्नुपर्नेछ ।

(ग) ♦.............................................

(घ) घर धितो राखी कर्जा लिने भएमा त्यस्तो घरको आयुका आधारमा ह्रासकट्टी गरी मूल्याङ्कन गर्नुपर्ने,

(ङ) दफा १९ बमोजिम प्राप्त कागजातहरूमध्ये नापी नक्सा, चार किल्ला प्रमाणित पत्र, जग्गा धनी प्रमाण पुर्जामा उल्लिखित जग्गाको क्षेत्रफल, घरले चर्चने क्षेत्रफल र बाटोको चौडाइ आदि समेत खुलाइ घरजग्गाको मूल्याङ्कन गरिने र धितो मूल्याङ्कन प्रतिवेदन साथ धितोमा राखिने घरजग्गाको फोटोसहित कोषको कार्यालयमा पेश गर्नुपर्ने,

(२) निर्माणाधिन वा निर्माण सम्पन्न घरको मूल्याङ्कन गर्दा भवनको निर्माण सम्पन्न भएको मितिका आधारमा वार्षिक पाँच प्रतिशतका दरले स्थिर किस्ताबन्दी मूल्य ह्रास प्रणाली अनुसार ह्रास कट्टी गरी पछिको मूल्य कायम गर्नुपर्नेछ ।

(३) जग्गामा जाने बाटो, बिजुली, टेलिफोन,ढल तथा विकासका पूर्वाधारहरूलाई आधार मानी देहायअनुसार बट्टा मूल्य (डिस्ट्रेस भ्यालु) कट्टा गरी मूल्याङ्कन गर्नुपर्दछ।

(क) चार मीटरसम्मको कच्ची बाटोसँग जोडिएको जग्गाको कम्तीमा बीस प्रतिशत,

♦ दोश्रो संशोधनबाट झिकिएको

(ख) चार मीटरसम्मको पक्की बाटोसँग जोडिएको जग्गाको कम्तीमा पन्ध्र प्रतिशत,

(ग) चार मीटरभन्दा बढीको कच्ची बाटोसँग जोडिएको जग्गाको कम्तीमा ♠दश प्रतिशत,

(घ) चार मीटरभन्दा बढीको पक्की बाटोसँग जोडिएको जग्गाको कम्तीमा ♠पाँच प्रतिशत ।

(४) उपदफा (१) बमोजिम मूल्याङ्कन गरी आएको मूल्यमा उपदफा (४) मा उल्लेख भएअनुसार बट्टा मूल्य घटाई जग्गाको मूल्य निर्धारण गर्नुपर्नेछ ।

(५) उपदफा (३) अनुसार निर्धारण भएको जग्गाको बट्टा मूल्य र उपदफा (२) बमोजिम निर्धारण भएको घरको मूल्य जोडी कायम हुन आउने मूल्यमा कम्तीमा तीस प्रतिशत मार्जिन राखी घरजग्गाको वास्तविक मूल्याङ्कन कायम गरिनेछ ।

तर, घर खरिद, शैक्षिक सापटी र घर मर्मत सापटी प्रवाह गर्दा चालीस प्रतिशत मार्जिन राखी जग्गा वा घरजग्गाको वास्तविक मूल्याङ्कन गर्न सकिनेछ ।

(६) निर्माणाधीन घरको मूल्याङ्कन गर्दा कोषको व्यवस्थापनबाट निर्धारण गरेको आधारमा गर्नुपर्नेछ ।

(७) मूल्याङ्कनकर्ताबाट भएको मूल्याङ्कनका कारण कोषलाई कुनै हानी नोक्सानी भएमा सम्बन्धित मूल्याङ्कनकर्ता स्वयम् सो नोक्सानीको जवाफदेही हुनेछ ।

(८) कोषले तोकेको सेवा शर्तमा सुचिकृत भई काम गर्ने मूल्याङ्कनकर्तामा धितो मूल्याङ्कनको सम्पूर्ण जवाफदेहिता रहनेछ ।

(९) मूल्याङ्कनकर्ताले गरेको काम कारवाहीको कोषले समयसमयमा स्थलगत निरीक्षण गर्न सक्नेछ ।

---

♠ दोश्रो संशोधनबाट संशोधित

३२. **धितो मूल्याङ्कन प्रतिवेदन दिनुपर्ने** : (१) दफा ३१ बमोजिम स्थलगत रूपमा मूल्याङ्कन गरी प्रस्तावित धितो सुरक्षणका लागि उपयुक्त देखिएमा मूल्याङ्कनकर्ताले सोसम्बन्धी प्रतिवेदन तयार गरी लगानी शाखामा पेश गर्नुपर्नेछ ।

तर, निरीक्षण गर्दा धितो सुरक्षण उपयुक्त नदेखिएमा सोही व्यहोराको जानकारी सो शाखालाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम धितो मूल्याङ्कन प्रतिवेदन तयार गर्दा मूल्याङ्कनकर्ताले योगदानकर्ताले पेश गरेका कागजातहरूमध्ये नापी नक्सा र जग्गा धनी प्रमाण पुर्जामा उल्लिखित जग्गाको क्षेत्रफल, घर बनाउन लागेको जग्गाको क्षेत्रफल, निर्माण स्थल र जग्गाको चार किल्ला आदि कुराहरू स्पष्ट खुलाइ उक्त घर जग्गा धितो लिन उपयुक्त भएको व्यहोरा प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदनमा मूल्याङ्कनकर्ताले जग्गाको मूल्याङ्कन र घरको अनुमानित लागत समेत उल्लेख गरी सम्बन्धित घरजग्गाको फोटो खिची सम्बन्धित घर जग्गा सोही कित्ता मै रहेको यकिन गरी फोटोमा समेत पर्ने गरी दस्तखत र छाप लगाइ पेश गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको प्रतिवेदनमा धितोमा रहने घर जग्गाको सहजै पहिचान हुने गरी त्यसमा पहुँच सडकको नाम मूल सडकबाट पर्ने दूरी समेतको विवरण उल्लेख गर्नुपर्नेछ । साथै सम्भव भएसम्म पहुँच सडक फोटो र स्थलगत नक्सा समेत समावेश गर्नुपर्नेछ।

३३. **मूल्याङ्कनकर्ताले ध्यान दिनुपर्ने कुरा** : दफा ३१ बमोजिम धितो मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले अन्य कुराको अतिरिक्त देहायका कुराहरूमा समेत ध्यान दिनुपर्नेछः-

(क) मूल्याङ्कनका लागि कोषबाट कार्यादेश प्राप्त गर्नुपर्ने र त्यसरी कार्यादेश प्राप्त गरेपछि मात्र धितो मूल्याङ्कनको काम थालनी गर्नुपर्ने,

(ख) मूल्याङ्कनकर्ताले धितोका लागि तोकिएको सम्पत्तिहरूको मात्र मूल्याङ्कन गर्नुपर्ने,

(ग) धितोको रूपमा रहेको घर, भवन आदिको फोटो समेत मूल्याङ्कन प्रतिवेदन साथ प्रमाणित गरी पेश गर्नुपर्ने,

(घ) धितो लिने घरजग्गाको फोटो लिँदा जग्गाधनी वा निवेदकको फोटो स्पष्ट देखिने गरी लिनुपर्ने ।

३४. **कर्मचारीबाट स्थलगत निरीक्षण गराउने** : (१) धितोमा राखिने जग्गाको विवरण यकिन भएपछि वा दफा ३२ बमोजिम धितो मूल्याङ्कन प्रतिवेदन पेश भएपछि कोषले धितो सम्बन्धमा थप यकिन गर्न कोषको कुनै कर्मचारीलाई स्थलगत निरीक्षणमा पठाउनेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षणमा जाने कोषको कर्मचारीले धितो रहने घर जग्गा कोषका लागि धितो स्वीकार योग्य भए नभएको व्यहोरा लिखित रुपमा कोषमा पेश गर्नुपर्नेछ ।

३५. **धितो मूल्याङ्कन तथा सापटी शुल्क** : (१) दफा ३१ बमोजिम धितो मूल्याङ्कन गरेबापत लाग्ने देहायबमोजिमको शुल्क योगदानकर्ताले सम्बन्धित मूल्याङ्कनकर्तालाई भुक्तानी गर्नुपर्नेछ :-

♠(क) पहिलो पटकको मूल्याङ्कनका लागि पाँच हजार रुपैयाँ र त्यसपछिको प्रत्येक पटकको मूल्याङ्कनका लागि एक हजार पाँच सय रुपैयाँ,

(ख) कोषको कार्यालय रहेको जिल्ला तथा काठमाडौं उपत्यका बाहेक अन्य जिल्लामा गई मूल्याङ्कन गर्दा थप एक हजार रुपैयाँ ।

---

♠ दोश्रो संशोधनबाट संशोधित

__स्पष्टीकरण__ : यस खण्डको प्रयोजनका लागि "काठमाडौं उपत्यका" भन्नाले काठमाडौं, भक्तपुर र ललितपुर जिल्लालाई सम्झनुपर्छ ।

(२) यस निर्देशिका बमोजिम विशेष सापटी बाहेक अन्य सापटी प्रदान गर्दा योगदानकर्ताले *सापटी रकमको शून्य दशमलब एक पाँच प्रतिशत सापटी व्यवस्थापन सेवा शुल्क लाग्नेछ ।

(३) उपदफा (१) र (२) शुल्क भुक्तानी लिँदा मूल्याङ्कनकर्ता र कोषले मूल्य अभिवृद्धि कर वीजक दिनुपर्नेछ। मूल्याङ्कनकर्ताले दिएको वीजकको एक प्रति कोषलाई समेत उपलब्ध गराउनुपर्नेछ ।

(४) धितो मूल्याङ्कन गर्ने प्रयोजनका लागि काठमाण्डौं उपत्यका बाहिर वा शाखा कार्यालय रहेको जिल्लाभन्दा बाहिरको जिल्लामा जानुपर्ने भएमा मूल्याङ्कनकर्ताको यातायात खर्च समेत सम्बन्धित योगदानकर्ताले बेहोर्नुपर्नेछ ।

(५) उपदफा (१) र (२) बमोजिमको शुल्क बाहेक मूल्याङ्कनकर्ताले योगदानकर्ताबाट अन्य कुनै रकम, नगद वा जिन्सी लिनु हुँदैन ।

३६. **__मूल्याङ्कनकर्ताबाट हटाउने र कारबाहीका लागि लेखी पठाउने__** : मूल्याङ्कनकर्ताले गरेका मूल्याङ्कनका आधारमा सापटी प्रदान गर्दा कोषलाई कुनै हानी नोक्सानी भएमा वा बदनियत तरिकाले मूल्याङ्कन गरेको पाइएमा निजलाई कोषको मूल्याकनकर्ताको सूचीबाट हटाई कोषलाई भएको हानी नोक्सानी निजको घर घरानाबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ र प्रचलित कानुनबमोजिम कुनै कारबाही हुनेमा सोका लागि समेत सम्बन्धित निकायमा लेखी पठाइनेछ ।

## परिच्छेद -८

## सापटी स्वीकृति तथा सापटी सम्झौता सम्बन्धी व्यवस्था

३७. *__सापटीसम्बन्धी निर्णयः__ (१) विषेश सापटीको हकमा सम्बन्धित अधिकारीले स्वीकृत गर्नु पर्नेछ ।

(२) धितोमा आधारित सापटीका हकमा कार्यकारी निर्देशकले दफा ३८ अनुसारको समिति वा विषय हेर्ने सम्बन्धित अधिकारीले स्वीकृत गर्ने गरी सीमा तोकी अख्तियारी दिन सक्नेछ।

३८. __सापटी उपसमिति__ : (१) विशेष सापटी बाहेक अन्य सापटी स्वीकृत गर्ने प्रयोजनका लागि कोषमा देहाय बमोजिमको सापटी उपसमिति रहनेछः-

(क) कोषको कार्यकारी निर्देशकले तोकेको विभागीय प्रमुख - संयोजक

(ख) लगानी महाशाखा प्रमुख - सदस्य

(ग) लगानी व्यवस्थापन तथा संचालन शाखा प्रमुख - सदस्य

(घ) कार्यकारी निर्देशकले तोकेको प्रशासन महाशाखाको अधिकृत -सदस्य

(ङ) सम्बन्धित सापटी हेर्ने अधिकृत -सदस्य-सचिव

(२) सापटी उपसमितिको बैठक तथा निर्णय सम्बन्धी कार्यविधि सो उपसमिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम भएको निर्णय छुट्टै निर्णय पुस्तिकामा अभिलेख गरी राख्नुपर्नेछ ।

३९. __सापटी स्वीकृतिको जानकारी दिने__: विशेष सापटी बाहेक अन्य सापटीको हकमा दफा ३८ बमोजिम सापटी सम्बन्धी निर्णय हुँदा सापटी स्वीकृत भएमा सापटी सम्झौता गर्न आउन सम्बन्धित योगदानकर्तालाई अनुसूची-४ बमोजिमको ढाँचामा जानकारी दिनुपर्नेछ ।

४०. **कबुलियतनामा पेश गर्नुपर्ने:** दफा ३९ बमोजिम सापटी स्वीकृतिको जानकारी पाएपछि योगदानकर्ताले अनुसूची -५ बमोजिमको ढाँचामा कोषको कार्यालयमा कबुलियतनामा पेश गर्नुपर्नेछ ।

४१. **घर जग्गा रोक्का राख्ने:** (१) दफा ४० बमोजिम योगदानकर्ताले कबुलियतनामा पेश गरेपछि कोषले धितो वापतको घर जग्गा दृष्टि बन्धक गरी रोक्का गर्नुपर्नेछ र सो प्रयोजनका लागि कोषको सापटी शाखाले त्यस्तो घर जग्गा रोक्का राख्न सम्बन्धित मालपोत कार्यालयलाई अनुसूची -६ बमोजिमको ढाँचामा पत्राचार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम धितो वापतको घर जग्गा रोक्का सम्बन्धी कारबाही गर्नु अघि देहायका सक्कल कागजातहरू सम्बन्धित योगदानकर्ताबाट पेश गर्न लगाइ सम्बन्धित कर्मचारीबाट लिखत तयार गर्नुपर्नेछः-

(क) योगदानकर्ता र जग्गा धनीको नागरिकता,
(ख) जग्गा धनी प्रमाण पुर्जा,
(ग) चालु आर्थिक वर्षको मालपोत तिरेको रसिद,
(घ) कोषले प्रदान गरेको परिचय पत्र,
(ङ) मालपोत कार्यालयबाट माग भएका अन्य आवश्यक कागजातहरू।

(४) उपदफा (१) बमोजिम दृष्टिबन्धक रजिष्ट्रेशन पास गर्दा वा रोक्का राख्दा कुनै शुल्क लाग्ने भएमा सम्बन्धित योगदानकर्ताले व्यहोर्नुपर्नेछ ।

(५) यस दफा बमोजिम दृष्टिबन्धक रजिष्ट्रेशन पास गरेपश्चात धितो रोक्का रहेको विवरण लिनुपर्ने र सो प्राप्त नभएमा दृष्टिबन्धक तमसुकमा रोक्का जनाउन लगाइ लिखतको पछाडि धितो पास भई रोक्का रहेको व्यहोरा खुलाइ कोषको प्रतिनिधिले प्रमाणित गर्नुपर्नेछ ।

४२. **सापटी सम्झौता गर्ने**: दफा ४१ बमोजिम धितो राखिएको घर जग्गा रोक्का भएपछि कोष र योगदानकर्ताबीच अनुसूची -७ बमोजिमको ढाँचामा सापटी सम्झौता गर्नुपर्नेछ ।

४३. **रकम भुक्तानी गर्नेः** (१) दफा ४२ बमोजिम सम्झौता भएपछि सापटी शाखाले सम्बन्धित योगदानकर्तालाई सापटी रकम उपलब्ध गराउन अनुसुची-८ को ढाँचामा पत्राचार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सापटी शाखाले पत्राचार गरेपछि कोषको लेखा शाखाले सम्बन्धित योगदानकर्ताको बैंक खाता मार्फत सापटी रकम भुक्तानी गर्नुपर्नेछ।

४४. **किस्ता रकम भुक्तानीको लागि निवेदन दिनेः** (१) यस निर्देशिका बमोजिम दुई वा सो भन्दा बढी किस्तामा रकम भुक्तानी पाउने गरी घर सापटी वा शैक्षिक सापटी स्वीकृत भई पहिले लिएको किस्ता बमोजिमको शर्त पूरा गरेका योगदानकर्ताले अर्को किस्ता रकम भुक्तानीका लागि अनुसूची- ९ बमोजिमको ढाँचामा कोषमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सापटी शाखाले आवश्यक जाँचबुझ गरी पहिले किस्ता प्रदान गर्दा निर्धारण गरिएको शर्त पूरा गरेको देखिएमा अर्को किस्ता रकम भुक्तानी गर्न अनुसूची-८ बमोजिमको ढाँचामा लेखा शाखामा पत्राचार गर्नुपर्नेछ ।

४५. **धितो फुकुवा गर्ने** (१) यस निर्देशिका बमोजिम योगदानकर्ताले लिएको सम्पूर्ण सापटी चुक्ता गरिसकेपछि सम्बन्धित योगदानकर्ताको अनुरोधमा कोषले तोकेको अधिकारीबाट त्यस्तो धितो फुकुवा हुनेछ ।

(२) उपदफा (१) बमोजिम धितो फुकुवाको निर्णयपश्चात् कोषले सम्बन्धित मालपोत कार्यालयलाई धितो फुकुवा गरिदिने सम्बन्धमा लेखी पठाउनुपर्नेछ र सोसम्बन्धमा सम्बन्धित योगदानकर्तालाई समेत जानकारी दिनुपर्नेछ ।

(३) धितो राखिएको घर जग्गा सार्वजनिक बाटो निर्माण वा अन्य यस्तै सार्वजनिक प्रयोजनमा उपयोग हुने अवस्थामा योगदानकर्ताको कोषमा तिर्नुपर्ने बाँकी सापटी रकमलाई बाँकी धितोले खाम्ने भएमा कोषले आवश्यक निर्णय गरी आशिंक धितो फुकुवा गर्न सक्नेछ ।

तर, त्यसरी धितो फुकुवा हुन सम्बन्धित योगदानकर्ताले किस्ता नियमित रुपमा चुक्ता गरेको हुनुपर्नेछ ।

(४) योगदानकर्ताले सम्बन्धित मालपोत कार्यालयमा कोषको नामबाट रोक्का राखेको घरजग्गालाई हालसाबिक गर्न परेमा कोषको निर्णयबाट रोक्का कायमै रहने गरी हालसाबिक गर्न स्वीकृति दिन सकिनेछ । त्यसरी हालसाबिक भएपछि सम्बन्धित योगदानकर्ताले मालपोत कार्यालयबाट प्रमाणित जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि कोषमा पेश गर्नुपर्नेछ ।

तर यस्तो हालसाविक गर्न स्वीकृति दिँदा वा अन्य प्रयोजनका लागि कोषबाट सिफारिस लिनुपूर्व सम्बन्धित योगदानकर्ताले किस्ता नियमित रुपमा चुक्ता गरेको हुनुपर्नेछ ।

४६. **सापटी रद्द हुनेः** सापटी स्वीकृत भएको छ महिनाभित्र उपयोग नगरेमा सापटी रद्द हुनेछ ।

तर किस्तामा सापटी लिने व्यवस्था भएकोमा पहिलो किस्ता सापटी भुक्तानी लिएमा यस दफाको प्रयोजनका लागि सापटी उपयोग गरेको मानिनेछ ।

४७. **सापटीको निष्कृय कर्जा तथा जोखिम सम्बन्धी व्यवस्था** : यस निर्देशिका अनुरूप योगदानकर्ताहरूलाई प्रदान गरिने सापटीको निष्कृय कर्जा तथा जोखिम व्यवस्था कोषको लगानी नीतिमा भएको व्यवस्था अनुरूप हुनेछ ।

४८. **सापटी पुनर्तालिकीकरण गर्ने** : योगदानकर्ताले लिएको सापटीको किस्ताको नियमित नगरेमा कर्जा असुली निर्देशिका अनुरूप सापटी असुली प्रकृया अगाडि बढाउदा सम्बन्धित योगदानकर्ताबाट पुर्नतालिकीकरण गरिदिन अनुरोध भई आएमा कोषलाई बुझाउन बाँकी कुल ब्याज असुल गरी बाँकी नोकरी अवधिलाई आधार मानी सापटीको पुर्नतालिकीकरण गर्न सकिनेछ ।

## परिच्छेद-९
## विविध

४९. **अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था** : (१) सापटी व्यवस्थाको प्रभावकारी र सुरक्षित रुपमा कार्यान्वयन भए नभएका सम्बन्धमा कोषका कार्यकारी निर्देशकले नियमित रूपमा अनुगमन तथा निरीक्षण गर्नेछ ।

(२) कार्यकारी अधिकृतले सापटी व्यवस्थाको प्रभावकारी र सुरक्षित गर्ने सम्बन्धमा विभागीय प्रमुख र शाखा कार्यालय प्रमुखलाई आवश्यक निर्देशन दिनुपर्नेछ र सो निर्देशनको पालना गर्नु सम्बन्धित विभागीय प्रमुख तथा शाखा कार्यालय प्रमुखको कर्तव्य हुनेछ ।

५०. **प्रोडक्ट पेपर तयार गर्न सक्ने:** यस निर्देशिका बमोजिम कोषले प्रदान गर्ने सापटी सम्बन्धमा कोषको कार्यकारी निर्देशकले छुट्टाछुट्टै प्रोडक्ट पेपर तयार गरी कोषको सञ्चालक समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्न सक्नेछ ।

५१. ♠**बिमा गर्नुपर्ने:** (१) कोषले घर सापटी र शैक्षिक सापटी प्रदान गर्ने प्रयोजनका लागि बीमा वापतको बीमाशुल्क सम्बन्धित योगदानकर्ताले नै ब्यहोर्ने गरी धितो कायम गरिएको सम्पत्ति बीमा र ऋणीको समेत बीमा गराउन सक्नेछ ।

♠ दोश्रो संशोधनबाट संशोधित

♠ (२) सम्पत्ति बिमा नियमानुसार योगदानकर्ताले नवीकरण नगरेमा कोष आफैले नवीकरण गरी बिमाशुल्क योगदनकर्ताको ऋण रकममा थप गरी दिन सक्नेछ।

५२. **<u>अनुसूचीमा हेरफेर गर्न सक्ने</u>:** कोषको सञ्चालक समितिले यस निर्देशिकाको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।

## अनुसूची-१
(दफा १८ सँग सम्बन्धित)

## सामाजिक सुरक्षा कोष

## सापटी माग फाराम

श्री सामाजिक सुरक्षा कोष

........................ कार्यालय

......................................

**विषयः सापटी रकम उपलब्ध गराइदिने बारे ।**

